मुख्यमन्त्री

कोशी प्रदेश, विराटनगर, नेपाल

# शुभकामना

हिमाली र पहाडी क्षेत्रमा होलिका दहनको दिन र दोस्रो दिन तराई तथा मधेसमा हर्सोल्लासका साथ मनाइने होली पर्व तथा फागु पूर्णिमाको सुखद् अवसरमा स्वदेश एवं विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीमा सुख, शान्ति, सुस्वास्थ्य, समुन्नति र दीर्घजीवनको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

असत्यमाथि सत्यको जित अर्थात् अरूलाई दुःख दिँदा आफैले दुःख पाउने सन्देश दिने यो पर्व एकअर्कालाई रंग, अबिर दलेर हर्सोल्लासका साथ मनाउँदै आएको छ । वसन्त ऋतुको आगमनले मानव जीवन हर्सोल्लास, सुखद् एवं रंगिन  होस् भन्ने कामनाका साथ मनाउने यो पर्व सबैको साझा बन्दै गएको छ ।

यो प्रदेश र देश बहुधार्मिक, बहुसांस्कृतिक, बहुभाषिक र बहुजातीय विशेषता युक्त छ । यस देश र प्रदेशमा प्रत्येक जाति र समुदायमा आआफ्नै संस्कार, संस्कृति, रीतिरिवाज, भाषा, भेषभूषा, पहिचान र सभ्यता विद्यमान छन् । प्रदेश सरकार सबै जाति र समुदायका यस्ता मौलिक विशेषता, पहिचान र सभ्यताको संरक्षण र संवर्धन गर्न क्रियाशील एवम् प्रतिबद्ध छ ।

होली तथा फागु पर्वले सम्पूर्ण नेपालीका बिचमा बन्धुत्व, प्रेम, सहिष्णुता र सम्मान कायम गर्दै राष्ट्रिय एकताको सूत्रलाई बलियो बनाउनेमा म विश्वस्त छु । अतः आफ्नै मौलिक संस्कृति र पहिचानले सम्पन्न भएको यस होली तथा फागु पर्वले सतमार्गमा लाग्न र प्रदेश एवं देशको उन्नयनमा लाग्न सबैमा प्रेरणा प्राप्तिको कामना गर्दछु ।

मिति २०८० चैत ११ गते आइतबार
नेपाल संवत् ११४४ चिल्लाथ्व चतुर्दशी

केदार कार्की
मुख्यमन्त्री